म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २९० २०८१ भदौ २७ गते बिहीबार 12 September 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




## बागमती प्रदेशसभाको अर्थ समितिमा हेटौंडा कपडा उद्योग संचालनको बहस

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा अन्तर्गतको संसदीय समितिको बैठकमा हेटौंडा कपडा उद्योग संचालनको विषयमा बहस चलेको छ । प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिको मंगलबार बसेको बैठकमा जीर्ण अवस्थामा रहेको हेटौंडा कपडा उद्योग संचालनको विषयले प्राथमिकता पाएको हो ।

बैठकमा कपडा उद्योगको विषय कार्यसूचिमा थिएन । प्रदेश नीति तथा योजना आयोगले तयार गरेको दोस्रो आवधिक योजना (२०८१-२०८५) को प्रमुख कार्यक्रम र पहिलो आवधिक योजना (२०७५-२०८०) को समिक्षाको विषय बैठकको कार्यसूचि रहेको थियो । समितिका सभापति नुरज बज्राचार्यले सोही कार्ययोजना अनुसार नीति आयोगका सचिवको समेत भूमिकामा रहेका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्ण प्रसाद मैनालीलाई प्रस्तुतीकरणको समय दिनुभयो ।

सचिव मैनालीको प्रस्तुती सकिएसँगै प्रदेश सभा सदस्यहरुलाई सो विषयमा धारणा राख्ने र छलफल गर्ने समय निर्धारण समितिका सभापति बज्राचार्यले गर्नुभयो । बैठकमा छैठौं नम्बरमा धारणा राख्नुहुँदै माओवादी केन्द्रकी प्रदेश सभा सदस्य अमृता नेपालले हेटौंडा कपडा उद्योगको विषय उठान गर्नुभएको थियो । उहाँले बागमती प्रदेशले आफ्नै उत्पादनको रुपमा कुनै क्षेत्रलाई तोकेर लगानी बढाउनु पर्ने धारणा राख्नुहुँदै नागरिकलाई आर्थिक उपार्जनमा जोड्न र आर्थिक समृद्धिमा अघि बढ्नु पर्ने बताउनुभयो । बागमती प्रदेशको खास उत्पादनको विकासमा अग्रसर भएर लगानी गर्ने वातावरणमा छलफल अघि बढाउनु पर्ने उहाँको भनाई छ ।

सोही क्रममा उहाँले युवा पलायन रोक्न र स्वरोजगार बनाउने योजनाको रुपमा उद्योग कलकारखाना संचालनतर्फ जोड दिनुपर्ने बताउनुभयो । कृषि क्षेत्रका विभिन्न समस्याका कारण कृषकहरु नै पेशाबाट पलायन भइरहेको उहाँको भनाई छ । रोजगारीको अवसर सृजना गर्ने विषयमा उद्योग संचालनको विषय महत्वपूर्ण हुने उहाँले बताउनुभयो । सरकारले हेटौंडामा रहेको कपडा उद्योगको अवस्था पनि अन्योलमा रहेको नेपालले बताउनुभयो ।

"कहिले बाँदर त कहिले मल, बीउ नपाउने कारणले कृषि कर्म पनि गर्न छाडिसकियो । रोजगारीको अवसर सृजना गर्न सकिएको छैन । युवा पलायन रोक्न सकेको छैन । भएको हेटौंडा कपडा उद्योग पनि कता पुगे कता", उहाँले भन्नुभयो, "रोजगारीको अवसर सृजना गर्ने हो भने युवा लक्षित कार्यक्रम बनाउनुपर्छ । उद्योग कलकारखानाको विकास गर्ने, प्रदेशको स्रोत साधनमा युवालाई देशमा नै राख्ने वातावरण निर्माणका विषय नीति योजनामा ल्याउनुपर्छ ।" प्रदेश सभा सदस्यहरुको प्रश्नका विषयमा सचिव मैनालीले जवाफ दिने क्रममा पुनः हेटौंडा कपडा उद्योगको प्रसंग निकाल्नुभयो । उहाँले हेटौंडा कपडा उद्योग संचालन गर्न सक्ने अवस्था नरहेको टिप्पणी गर्नुभयो । प्रविधिको विकाससँगै कपडा उद्योग संचालनको नयाँ प्रविधि सस्तो पर्न जाने भएकाले हेटौंडा कपडा उद्योगको प्रविधि पुनः संचालनको सम्भावना नरहेको उहाँले बताउनुभयो । अहिलेको परिपेक्षमा सरकारले कारखाना उद्योग चलाउन नहुने सचिव मैनालीको भनाई छ ।

"उद्योग निक्कै पुरानो भइसक्यो । त्यतिबेलाको मिल, मेसिन र साधनहरु अहिले जीर्ण अवस्थामा छन् । २० औं वर्ष नचलेको उद्योग र संयन्त्र फेरि चलाउँछु भनेर हुँदैन । व्यक्तिगतरुपमा मेरो धारणा भनेको कपडा उद्योगमा भएको मेसिन मर्मत गरेर चलाउन सम्भव नै छैन । मर्मत गर्नुको सट्टा नयाँ मेसिन ल्याएर चलाउन सस्तो पर्न जाने देखिन्छ । त्यसलाई चलाउन हामी लाग्नु हुँदैन", सचिव मैनालीले भन्नुभयो, "प्रदेश सरकारले ५० करोड रुपैयाँ लगानी गरेर पाउडर दुग्ध प्लाण्ट बनायो । पूर्वाधार बनाउन कुनै समस्या छैन । तर, चल्न सकेको छैन ।"

त्यसलगत्तै समितिका सभापति बज्राचार्यसँग समय माग गरेर धारणा राख्नुहुँदै नेपाली काँग्रेसका प्रदेश सभा सदस्य रामकृष्ण चित्रकारले कपडा उद्योग सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले आफू सचिव मैनालीको भनाइमा सहमत नभएको भन्नुहुँदै हेटौंडा कपडा उद्योग सञ्चालन हुनसक्ने अवस्थामा रहेको बताउनुभयो । उहाँले बाबुराम भट्टराई अर्थमन्त्री रहेका बखत उद्योग मर्मत गरेर परीक्षण उत्पादनसमेत गरेको बताउनुभयो ।

करिब ८ करोड रुपैयाँ खर्च गरेर उद्योग पुनः सञ्चालन गर्ने भन्नुहुँदै मर्मत गरिएको उहाँको भनाइ छ । संघ सरकारले समन्वय गरेर उद्योग सञ्चालनको वातावरण तयार गर्नुपर्ने उहाँको भनाइ छ । उद्योग अहिले पनि सञ्चालन हुने अवस्थामा रहेको र त्यसलाई सञ्चालन गर्न प्रदेश सरकारले ठोस योजना निर्माण गर्नुपर्ने बताउनुभयो । उद्योग सञ्चालनपश्चात् आर्थिक समृद्धिमा महत्वपूर्ण उपलब्धी हासिल हुने उहाँले बताउनुभयो । रोजगारीको अवसर सिर्जनामा पनि महत्वपूर्ण उपलब्धी प्राप्त गर्न उद्योग सञ्चालन गर्नुपर्नेमा उहाँको जोड थियो । प्रदेश सभा सदस्य चित्रकारले प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीको जिम्मेवारीमा रहँदा २ पटक हेटौंडा कपडा उद्योगको अनुगमन तथा सञ्चालनका लागि संघीय सरकारसँग पहलसमेत गर्नुभएको थियो ।

प्रदेश सभा सदस्य चित्रकारले धारणा राख्नुभएलगत्तै माओवादी केन्द्रकी प्रदेश सभा सदस्य देवेन्द्र श्रेष्ठले बन्द कपडा उद्योग सञ्चालनमा ल्याउनु उचित नहुने बताउनुभयो । उहाँले कपडा उद्योगको प्रविधि सञ्चालनको अवस्थामा नरहेको र सञ्चालन भएको खण्डमा उत्पादन लागत महंगो पर्ने बताउनुभयो । अहिले कपडा उद्योगको तानको मेसिन प्रतिसेकेण्डका दरले सञ्चालन हुने र हेटौंडा कपडा उद्योगको मेसिन प्रतिमिनेटमा चल्ने उहाँको भनाइ छ । कपडा उद्योगबाट उत्पादित कपडाको गजसमेत सानो हुने र अहिलेको प्रविधिले ठूला गजका कपडाहरु उत्पादन गर्ने प्रदेश सभा सदस्य श्रेष्ठले बताउनुभयो । उद्योगले उत्पादन गरेको कपडाले समेत बजारमा प्रतिस्पर्धा गर्न नसक्ने उहाँको भनाइ छ । प्रदेश सरकारले प्रतिस्पर्धा नभएका क्षेत्रमा लगानी गरेर उत्पादन र बजारीकरणमा अघि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

नेकपा एमालेका प्रदेश सभा सदस्य मधुसूदन पौडलले सरकारी संरचनालाई बेवारिसे राख्न नहुने र लगानीको प्रतिफल आउने गरी कपडा उद्योग सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले हाल हेटौंडा कपडा उद्योग सञ्चालनमा रहेको भए प्रविधि पुरानो भयो भनेर बन्द गरिन्थ्यो वा प्रविधि परिवर्तनमा अग्रसर भइन्थ्यो भन्दै प्रश्न पनि गर्नुभयो । सरकारी उद्योगको मर्मत तथा प्रविधि परिवर्तन गरेर सञ्चालन गर्नुपर्ने र नागरिकलाई रोजगारी तथा आर्थिक उपार्जनमा जोड्नुपर्ने उहाँको भनाइ छ ।

## नीति तथा योजना आयोगको उपाध्यक्षमा गंगादत्त नियुक्त



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा गंगादत्त नेपाललाई नियुक्त गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाललाई आयोगको उपाध्यक्ष पदमा नियुक्त गरेको हो ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बुका गंगादत्त नेपाल खानेपानी, सरसफाई तथा जलवायू परिवर्तनका विज्ञ हुनुहुन्छ । उहाँ हाल विभिन्न संघ, संस्था र सरकारलाई विज्ञ परामर्शदाताको रुपमा सेवा प्रदान गर्दै आएका छन् । जर्मन र नेपालबाट स्नात्तकोत्तर तहको अध्ययन पूरा गर्नुभएका तथा खानेपानी तथा जलवायू सम्बन्धमा विद्यावारिधी गर्नुभएका गंगादत्तले २१ वर्ष नेपाल सरकारको कर्मचारीको रुपमा काम गर्नुभएको थियो । जागिरे जीवनको ११ वर्ष बाँकी रहँदा नेपालले पदबाट राजिनामा गरेर विभिन्न दातृ निकायको कार्यक्रमको संयोजकको रुपमा काम गरेको अनुभव छ । डब्लुएचओ, युएसएआइडीद्वारा संचालित विभिन्न कार्यक्रमको जिम्मेवारीमा रहेर काम गर्नुभएका उहाँले मेलम्चीमा विपद् व्यवस्थापन विषयको कार्यक्रममा समेत नेतृत्व गर्नुभएको छ । मन्त्रिपरिषद् बैठकले आयोगमा २ सदस्य समेत नियुक्त गरेको छ । आयोगको सदस्यमा काठमाडौंका दीपेन्द्र श्रेष्ठ र काभ्रेका गुणराज मोक्तान नियुक्त हुनुभएको छ । आयोगमा अझै २ सदस्य रिक्त रहेको छ । आयोगमा एक महिलासहित २ सदस्य नियुक्त हुन सकेका छैनन् । सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले छिट्टै नै थप २ सदस्यको नियुक्तिको विषयमा पनि सरकारले निर्णय गर्ने जानकारी दिनुभएको छ ।

## २ वर्षपछि स्थानीय तह निर्वाचनको समीक्षा गर्दै कांग्रेस

समाज संवाददाता

हेटौंडाः २०७९ सालमा सम्पन्न स्थानीय तह निर्वाचनको नेपाली काँग्रेसले २ वर्षपछि समीक्षा गर्ने भएको छ । कांग्रेसको संरचना अनुसार केन्द्रमा स्थानीय तह समन्वय विभाग गठन भएसँगै समीक्षा कार्य अघि बढाइएको हो ।

निर्वाचन सम्पन्न भएको २८ महिनापछि जिल्ला जिल्लामा पुगेर समीक्षा गर्ने भएको हो । काँग्रेस मकवानपुरले बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै कार्यक्रमको तयारी सुरु भएको जानकारी दिएको छ । काँग्रेसले स्थानीय तह समन्वय विभागले मकवानपुरमा २०७९ वैशाखमा सम्पन्न निर्वाचन समीक्षा यही भदौ ३० मा गर्ने तयारी गरेको नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिनुभएको छ ।

पार्टीले स्थानीय तह केन्द्रीय समन्वय विभाग गठन गरेपछि पहिलो पटक हेटौंडामा कार्यक्रम हुन लागेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा स्थानीय तहमा वडा, पालिका, नगर र उपमहानगरमा उम्मेदवार भएका सम्पूर्णलाई उपस्थित गराएर समीक्षा गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार भेलामा स्थानीय तह निर्वाचनको विषयमा समीक्षा र अबको मार्गनिर्देशनबारे छलफल हुनेछ । भेलालाई केन्द्रीय महामन्त्री विश्वप्रकाश शर्माले सम्बोधन गर्ने कार्यतालिका रहेको उहाँले जानकारी दिनुभएको छ ।

## मकवानपुरका पालिकाले सहयोग भएनः मानवसेवा आश्रम

समाज संवाददाता

हेटौंडाः मानवसेवा आश्रम हेटौंडाले मकवानपुरका स्थानीय तहहरुले अपेक्षाकृत सहयोग नगरेको गुनासो गरेको छ । आश्रमको मुख्य कार्यालय समेत रहेको हेटौंडास्थित आश्रममा बुधबार आयोजना गरेको एक अन्तरक्रियामा आश्रमका अध्यक्ष रामजी अधिकारीले तीनै तहका सरकार, व्यक्ति, समूह तथा विभिन्न सामाजिक संघ, संस्थाहरुको अनुदान र सहयोगबाट संस्था सञ्चालन भइरहेको भएपनि मुख्य कार्यालयकै रुपमा रहेको हेटौंडा आश्रमको प्रवर्द्धनमा भने यहाँका स्थानीय तहहरुले खासै चासो नदिएको गुनासो गर्नुभयो ।

"यो अन्तरक्रियाका लागि पनि यहाँका सबै पालिका प्रमुखहरुको हात-हातमा चिठ्ठी पुऱ्यायौं, सबैलाई व्यक्तिगत रुपमा फोन सम्पर्क पनि गऱ्यौं, तर यो कार्यक्रम उहाँहरुको प्राथमिकतामा परेन", उहाँले गुनासो गर्नुभयो । कार्यक्रममा जनप्रतिनिधिका रुपमा मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिनको मात्रै उपस्थिति रहेको थियो । आश्रम संचालन गर्न मासिक २० लाख रुपैयाँभन्दा बढि रकम खर्च हुने गरेको अधिकारीको भनाई छ । आश्रममा आश्रित दुई सय २५ जना सहयोगापेक्षीहरुको खानपिन, स्वास्थ्य तथा सरसफाई लयायतमा उक्त रकम खर्च हुने गरेको उहाँले बताउनुभयो ।

दातृ संस्थाहरुबाट बेवास्ता भइरहे अबदेखि संस्थाले कसैलाई पनि उद्दार गरेर संरक्षण गर्न नसक्ने गम्भीर अवस्थामा रहेको उहाँको भनाई छ । कार्यक्रममा सहभागी हुनुभएका जिल्ला समन्वय समितिका संयोजक ललित घलानले आश्रमलाई जिल्ला समन्वयको तर्फबाट गनुपर्ने सहयोग उच्च सम्मानका साथ गर्ने बताउनुभयो । उहाँले हेटौंडामा मानवसेवा आश्रमको मूख्य कार्यालय नै स्थापना भएर मकवानपुर नेपालकै पहिलो सडक मानवमुक्त जिल्ला घोषणा भएको परिप्रेक्षमा मकवानपुरवासीको गौरवको विषय भएको पनि चर्चा गर्नुभयो । "झट्ट हेर्दा यस्तो भैसक्यो, लक्ष्मीनारायण (आश्रममा आश्रित बृद्धबृद्धा) लाई टहरामा राख्नु पनि त भएन ।" आश्रमको सुविधा सम्पन्न भवन लक्षित विचार राख्दै उहाँले सेवाआश्रमको मिहिनेतको सम्मान गर्दै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हालसम्म नेपालको २ वटा प्रदेश, ३ वटा जिल्ला, ६ वटा पालिका र २ वटा पूण्य क्षेत्रलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त क्षेत्र घोषणा गरिएको जानकारी गराइएको थियो । मकवानपुरलाई २०७४ साल फागुन ४ गते सहयोगापेक्षी सडकआश्रित मानवमुक्त जिल्ला घोषणा गरिएको हो । मानवसेवा आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल घोषणा गर्ने लक्ष्यसहित काम गरिरहेको छ ।



## सम्पादकीय

# आत्महत्या जटिल समस्या

हरेक वर्ष सेप्टेम्बर १० का दिन विश्व आत्महत्या रोकथाम दिवस मनाइन्छ । मानिसलाई आत्महत्याको नकारात्मक पक्षबारे सचेत गराउने उद्देश्यले हरेक वर्ष १० सेप्टेम्बरका दिन विश्व आत्महत्या रोकथाम दिवस मनाउने गरिएको हो । सन् २००३ देखि मनाउन थालिएको यो दिवस यस वर्ष भदौ २५ गते मंगलबार मनाइएको छ । अन्तर्राष्ट्रिय आत्महत्या रोकथाम संगठनले विश्व स्वास्थ्य संगठन तथा विश्व मानसिक स्वास्थ्य संगठनसँग मिलेर यो दिवस मनाउन सुरु गरेको हो । यस वर्ष "आत्महत्या रोकथामबारे संवाद सुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल नाराका साथ यो दिवस मनाइएको छ । दिवसको अवसरमा देशभर सरकारी तथा गैरसरकारी निकायले आत्महत्या निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रम गरेका छन् ।

विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनअनुसार आत्महत्याका कारण विश्वमा प्रत्येक वर्ष ७ लाखभन्दा बढी मानिसको ज्यान जाने गरेको छ । जसमध्ये ७७ प्रतिशतभन्दा बढी आत्महत्याका घटना नेपालजस्ता कम तथा मध्यम आय भएका देशहरुमा हुने गरेको छ । विश्वमा प्रत्येक ४० सेकेन्डमा १ जनाले आत्महत्या गर्छन् र प्रत्येक ३ सेकेन्डमा एक जनाले आत्महत्याको प्रयास गर्छन् । आत्महत्या गर्नेको संख्या वर्षेनि बढ्दो क्रममा छ । नेपालमा पनि आत्महत्या अत्यन्त डरलाग्दो र भयावह बनिरहेको छ । विश्वमै बढी आत्महत्या हुने मुलुकहरुमध्ये नेपाल सातौं स्थानमा पर्छ । नेपालमा दैनिक सरदर २० जनाले आत्महत्या गर्ने गरेका छन् । नेपालमा पछिल्लो एक दशकभित्र आत्महत्या गर्नेको संख्या झण्डै दोब्बर भएको छ । आर्थिक वर्ष २०७१/७२ मा वार्षिक ४ हजार ३३२ जनाले आत्महत्या गरेकोमा आर्थिक वर्ष २०८०/८१ सम्म आइपुग्दा वार्षिक ७ हजार २२३ जनाले आत्महत्या गरेको नेपाल प्रहरीको तथ्यांक छ । विगत १० वर्षमा सबैभन्दा बढी कोशी प्रदेश र सबैभन्दा कम कर्णाली प्रदेशमा आत्महत्या गरेको तथ्यांक छ । आत्महत्या गर्नेमध्ये ८० प्रतिशतभन्दा बढीले झुण्डिएर आत्महत्या गर्ने गरेको प्रहरीको तथ्यांक छ ।

आत्महत्या नेपालको प्रमुख सामाजिक समस्या बनिरहेको छ । कुनै व्यक्तिले जानीबुझी गर्ने आत्मघात अथवा आफ्नो हत्या आफैंबाट गर्नु आत्महत्या हो । आत्म अर्थात् स्वयम् र हत्या अर्थात् समाप्त गर्नु मिलेर आत्महत्या बनेको हो । यसैले आफैं समाप्त हुनुलाई आत्महत्या भन्ने गरिन्छ । मानिसले विभिन्न कारणबाट आत्महत्याको निर्णय लिन पुग्दछ । मानिसले आफूलाई परेको कुनै समस्या समाधानको बाटो नदेखेपछि आत्महत्या गर्न सक्छ । धेरै दिक्दारी लाग्ने र जीवनमा बढी उतार-चढाव आउने कारण पनि कतिपय मानिसले आत्महत्या गर्ने गर्दछन् । आफूलाई एकदमै दयनीय अवस्थाको ठान्ने, जीवनप्रति रुचि नहुने र भविश्यप्रति कुनै आशा नलाग्ने आदि कारणले पनि आत्महत्या गर्न प्रेरित गर्ने गरेको छ । मद्यपानको सेवन धेरै गर्ने तथा लागूऔषध दुर्व्यसनमा रहेका कतिपय मानिसले पनि आत्महत्या रोज्ने गरेका छन् । कुनै दीर्घ रोगबाट ग्रस्त भएका, जटिल मानसिक स्वास्थ्य समस्यामा परेका, वैवाहिक सम्बन्ध बिग्रेका, धेरै समयसम्म बेरोजगार बनेका र विभिन्न लाञ्छना लागेका व्यक्तिले पनि आत्महत्या गर्ने सम्भावना रहन्छ ।

वर्तमान समयमा आत्महत्या एक जटिल समस्या बनिरहेको छ । यसको न्यूनीकरण तथा रोकथामका लागि ठोस नीति तथा कार्यक्रम आवश्यक छ । आत्महत्या रोकथाम दिवस मनाउने क्रममा यसको रोकथामका लागि केही सचेतनामूलक कार्यक्रम गरिए पनि त्यतिले मात्र आत्महत्या रोकथाम सम्भव छैन । प्रत्येक व्यक्ति, परिवार, समुदाय, समाज, देश र विश्वभर आत्महत्या रोकथामका लागि पर्याप्त र प्रभावकारी सचेतनामूलक कार्यक्रम गर्नुपर्छ । आत्महत्याबारे घर-परिवार तथा समुदायमा खुलेर कुराकानी गर्नुपर्छ । मानिसको अमूल्य जीवन आत्महत्या गरेर खेर जान दिनुहुन्न भन्ने दृढताका साथ मानिसले आइपर्ने कठिनाइ समाधान गर्न सक्छु भन्ने आत्मविश्वास जगाउने हो भने आत्महत्या न्यूनीकरण हुनसक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कार्यक्षेत्रमा खुशी र आनन्दको वातावरण बढ्ला ।
**वृष** : इष्टमित्र दाजुभाइसँगबाट सहयोग प्राप्त होला ।
**मिथुन** : आत्मविश्वासमा वृद्धि हुने समय योग छ ।
**कर्कट** : नयाँ योजना कार्यान्वयन हुने समय योग छ ।
**सिंह** : दु:खको समाचारले मन विचलित होला ।
**कन्या** : शेयर कारोबारमा लगानी बढ्ने समय छ ।
**तुला** : प्रतिस्पर्धीसँग विजय प्राप्त हुने समय छ ।
**वृश्चिक** : आफन्त र साथीभाइले सहयोग गर्ने समय छ ।
**धनु** : दुराशा र महत्वकांक्षा बढ्ने समय योग छ ।
**मकर** : साझेदारी र सहकार्यका कामका लागि सुन्दर समय छ ।
**कुम्भ** : आत्मबल र निर्णायक क्षमताको वृद्धि हुने समय छ ।
**मीन** : कला र गलाको प्रभाव बढ्ने समय योग छ ।

# संकटोन्मुख कृषि क्षेत्र : आन्तरिक सुरक्षा र बाह्य चुनौती



**विष्णुराज उप्रेती**

कुनै पनि देशलाई आफ्नो प्रभावमा राख्ने सबैभन्दा सजिलो उपाय खाद्यान्नमा आफूमाथि निर्भर बनाइराख्नु हो । खाद्यान्नमा परनिर्भर देशको राष्ट्रिय सुरक्षा, राजनीतिक स्थायित्व र सामाजिक सद्भाव सदा खतरामा रहन्छ ।

नेपालको कृषि क्षेत्र (मन्त्रालय, विश्वविद्यालय, अनुसन्धान, बजार, उत्पादन सबैलाई यहाँ कृषि क्षेत्र भनिएको छ) दिन प्रति दिन गहिरो संकट उन्मुख अवस्थातिर जाँदैछ । जुन राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितको दृष्टिकोणबाट समेत अत्यन्त जोखिमपूर्ण विषय हो ।

कृषि क्षेत्र दिन प्रति दिन जोखिमपूर्ण हुँदैछ भन्ने निचोडमा पुग्ने आधारहरुमा यो पंक्तिकारले नीति अनुसन्धान प्रतिष्ठानमा रहँदा नेपालको कृषि नीति किन असफल भयो भन्ने बारेमा आयोजना गरेका विभिन्न छलफल, अन्तरक्रिया र अनुसन्धानको निचोड हो ।

सँगै कृषि क्षेत्रमा संलग्न नीतिनिर्माता, राजनीतिक निर्णयकर्ता, विज्ञ, कृषि व्यवसायी, कृषक, कृषि व्यापारीसँगको लामो छलफलको सारांश र नेपालको कृषि क्षेत्रमा देखिएका समस्या बारेका दर्जनौं अनुसन्धान प्रतिवेदनहरूको सूक्ष्म समीक्षा पनि हो ।

कृषि क्षेत्रको योगदान घट्दो छ । आजभन्दा ५० वर्ष अगाडि धान चामल निर्यात कम्पनी नै खोलेर बंगलादेश र दक्षिण एशियामा धान चामल निर्यात गर्ने देश अहिले आएर किन धान चामल आयातमा भर पर्नुपर्ने अवस्थामा पुग्यो ?

किन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले अपेक्षित योगदान दिन सकेन, लगातार घट्दै गयो ? कृषिमा आश्रित जनसंख्या घटाउने र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण गरी उत्पादकत्व बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान दिनु कृषि क्षेत्रको आवश्यकता हो । तर किन यसो हुन सकेन ?

कृषि क्षेत्रमा देखिएको गहिरो संकटकै कारणले नेपाल यस्तो अवस्थामा आइपुगेको हो । त्यसैले संकटोन्मुख कृषि क्षेत्रलाई कसरी संकटमोचन गर्न सकिन्छ, यसको लागि क-कसले कसरी-कसरी र किन के-के गर्नुपर्दछ भन्ने बारेमा राष्ट्रिय बहसको आवश्यकता छ ।

यो बहस कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, संसद्मा, सरकारका मन्त्रालय र निकायहरूमा, राजनीतिक दलहरूमा, प्राज्ञिक क्षेत्रमा, निजी क्षेत्रमा, व्यवसायी, किसान र नागरिक तहमा समेत व्यापक बनाई राष्ट्रिय सहमति निर्माण गरेर यो क्षेत्रको आधारभूत रूपान्तरण गर्न आवश्यक छ ।

### कृषि क्षेत्र : किन भयो संकट उन्मुख ?

**(क) क्षेत्रीय र भूराजनीतिको प्रभाव**: अहिले विश्वमा र खासगरी दक्षिण एशियामा बढ्दै गएको भूराजनीतिक स्वार्थले नेपालको कृषि क्षेत्रलाई नकारात्मक असर पारिरहेको छ । खासगरी भारतले नेपालको कृषि क्षेत्रलाई आफ्नो भूराजनीतिक स्वार्थ पूरा गर्ने सहज र सशक्त माध्यमको रूपमा प्रयोग गरिरहेको छ ।

भारतीय भन्सार नाकाहरूमा नेपाली कृषि निर्यातका सामग्रीहरू प्रतिको अवरोध (क्वारेन्टाइन र फाइटो सेनेटरी सवालको मनपरी प्रयोग), भारतको कृषि क्षेत्रले पाएको संरक्षणको र सोको कारण नेपाली कृषि उत्पादनले भारतसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको उपयोग गरी उसले नेपालको कृषि बजारमाथि जमाएको प्रत्यक्ष र परोक्ष प्रभावले नेपालको कृषि क्षेत्रमा कालो बादल मडारिएको छ ।

उता चीनले कृषि प्रविधि विकासमा गरेको असाधारण प्रगति र यसको दक्षिण एशियामा हुने प्रयोगबाट नेपाल अछुतो छैन । चिनियाँ अलैंचीको नेपाल प्रवेश यसको ज्वलन्त उदाहरण हो । नेपाललाई आफ्नो प्रभावमा राख्ने सबैभन्दा सजिलो उपाय खाद्यान्नमा आफूमाथि निर्भर बनाइराख्नु हो । खाद्यान्नमा परनिर्भर भएको देशको राष्ट्रिय सुरक्षा, राजनीतिक स्थायित्व र सामाजिक सद्भाव सदा खतरामा रहन्छ ।

साथै विश्व शक्ति संघर्षको केन्द्रबिन्दु चीन सहितको दक्षिण एशिया बनिरहेको परिवेश र भारत र चीन जस्ता ध्रुवीकृत विश्वका पक्ष-विपक्षका खेलाडी देशहरू बीच रहेको नेपालको भौगोलिक अवस्थिति टाढा रहेका विश्वशक्ति राष्ट्रहरु (अमेरिका, बेलायत, जापान, अष्ट्रेलिया, युरोपेली आयोगका सदस्य देशहरू) को भारत र चीन केन्द्रित चलखेलको लागि पनि सबैभन्दा उपयुक्त भएकोले उनीहरूको पनि अप्रत्यक्ष रणनीतिक स्वार्थ केन्द्रित गतिविधिको भार नेपालमाथि छ ।

नेपालमा सक्रिय रहने सजिलो माध्यम कृषि क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता (लगानी, विकास सहायता, प्राविधिक सहयोग आदि) त देखिएकै छ । भारतले आफ्नो १ अर्ब ४४ करोड जनसंख्याको भविष्यमा देखिने पानीको संकटकै कारण पानीलाई 'रणनीतिक महत्वको क्षेत्र' मा समावेश गरेको छ ।

यसपछि नेपालको पानीमाथि आफ्नो रणनीतिक नियन्त्रण भारतको प्राथमिकतामा परेको त उसले नेपालका नदीहरु सम्झौता मार्फत ओगटेर राख्ने तर परियोजना कार्यान्वयन र सम्पन्न नगर्ने, विभिन्न शर्तहरू राख्ने जस्ता व्यवहारबाट प्रमाणित नै भइसकेको छ ।

**(ख) नीतिगत त्रुटिहरू**: नेपालमा अहिले एउटा प्रस्ट राष्ट्रिय मूल नीति (जसमा देशले लिने राष्ट्र र नागरिकको सुरक्षा, परराष्ट्र र विदेश मामला, अर्थतन्त्र, सामाजिक विकास, विज्ञान र प्रविधि जस्ता सवाललाई प्रस्ट मार्गदर्शन दिएको हुन्छ) नै छैन । यसको अभावमा राष्ट्रको सुरक्षा र समुन्नतिको प्रस्ट मार्गचित्र विना नै विभिन्न विषयगत नीतिहरू बनेका छन् जसले अपेक्षित परिणाम दिनसकेका छैनन् ।

कृषि क्षेत्रमा प्रत्यक्ष दुई दर्जनभन्दा बढी नीतिहरू कार्यान्वयनमा छन् । परोक्ष रुपमा अरु धेरै नीतिहरु पनि आकर्षिक हुन्छन् । तर त्यस्ता नीतिहरूको न तर्जुमा प्रक्रिया सही छ, न विषयवस्तु संगतियुक्त छन् न संरचनापूर्ण छ । परिणाम ती नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका छैनन् ।

हालसम्म कायम रहेका दर्जनौं नीतिहरू नयाँ संविधान बन्नुभन्दा पहिलेका भएकाले असान्दर्भिक नै भएका छन् । नीति वा अप्रभावी भएपछि रणनीति, कार्यनीति, कार्ययोजना, कार्यान्वयन सबै प्रभावकारी हुने कुरै भएन ।

अर्कोतर्फ नीतिहरु बन्दा प्रमाण र अध्ययनको आधारमा नबनेका कारण यिनीहरु थुप्रै ऐन कानून कार्यविधिसँग बाझिएका छन् । यिनीहरूको कार्यान्वयनमा अवरोध भइरहेको छ । अन्तर मन्त्रालय समन्वय र सहकार्यको अभाव पनि ठूलो समस्या भएको छ ।

उदाहरणको लागि भूमि व्यवस्था मन्त्रालयले बनाएको तर कृषि मन्त्रालयले स्वामित्व नलिएको कारण देशको भूउपयोग नीतिले कृषि आवश्यकता सम्बोधन गर्न सकेको छैन अथवा कार्यान्वयनमै जान सकेको छैन ।

कृषि क्षेत्रको सुधार एउटा मन्त्रालय, एउटा नीति वा एउटा ऐन राम्रो भएर मात्रै सम्भव छैन । यसको लागि सरोकार वालासँगको सक्रिय सहभागितामा तयार गरिएको मूल कृषि नीति र यसैको कार्यान्वयनका लागि आवश्यक अरु विधागत नीति, ऐन, संगठन, जनशक्ति, साधन स्रोतको आवश्यकता पर्दछ ।

उर्वर जमिनमा बस्ती, शक्ति र सत्ताको आडमा कृषि अनुदान, किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाउने अवस्था, कृषि उत्पादनको आयात लगातार वृद्धि र निर्यात न्यून हुँदै जानु, देशको प्रमुख खाद्यान्नमा समेत आत्मनिर्भर हुन नसक्नु, कृषि क्षेत्रमा गहिरो विदेशी प्रभाव आदि सूचकांकले पनि नेपालको कृषि नीति असफल रहेको देखाउँछन् ।

**(ग) राजनीतिले गरेको बेवास्ता**: नेपालको कृषि क्षेत्रमा संकट देखिनुमा विगतदेखिको संसद् र यसको कृषि सम्बन्धी संसदीय समिति, प्रधानमन्त्रीहरु र कृषि मन्त्रीहरु पनि जिम्मेवार छन् । कृषि जस्तो राष्ट्रकै रणनीतिक महत्वको क्षेत्रको सुधार र यसको लागि चाहिने सही नीति, सहजीकरणमुखी कानून, जनशक्तिको क्षमता विकास र स्रोत व्यवस्थापनमा संसद् र संसदीय समितिले सरकारलाई मार्गदर्शन दिन सकेनन् ।

प्रधानमन्त्रीहरूले कृषिलाई कागजमा प्राथमिकतामा राखे पनि व्यवहारमा कहिल्यै प्राथमिकतामा राखेनन् । उदाहरणको लागि कृषि मन्त्रालय कहिल्यै राजनीतिक दलहरुको रोजाइमा नपर्ने वा दलहरुले मन्त्री पठाउँदा वरिष्ठ, प्रभावशाली नपठाउने मन्त्रालय भएको छ ।

के प्रधानमन्त्रीले चाहने हो भने डीडीसीले किसानको दूधको पैसा नतिर्ने जस्तो सामान्य समस्या समाधान हुने थिएन त ? बहुसंख्यक कृषि मन्त्रीहरू त कृषिको जटिलता नै नबुझ्ने, कार्यकर्ता भर्ना, सरुवा, अनुदान आदिमै समयावधि बिताएर निस्कने रहेछन् ।

एकजना कृषि मन्त्रीले राष्ट्रपति भवनमा आयोजित असार १५ को कृषि सम्बन्धी कार्यक्रममा कृषि विकासबारे उट्पट्याङ्ग कुरा गरेपछि राष्ट्रपतिले उहाँलाई त्यहीं यस्ता उट्पट्याङ्ग कुरा नगर्नुस् भनी हप्काएको मैले नै सुनेको थिएँ । अपवादलाई छोडेर अधिकांश कृषि मन्त्रीहरुले न नीतिगत सवालमा चाख राखेको पाइयो न कृषि क्षेत्रका समस्या समाधानमा ।

**(घ) खुला सिमाना**: नेपालको भारतसँगको तीनतर्फको खुला सीमा र खुला आवत-जावतले पनि नेपालको कृषि क्षेत्रमा जटिलता थप्ने कारण बनेको छ । अत्यधिक मात्रामा आउने भारतीय कृषि मजदुरहरु, गैरकानूनी रुपमा पस्ने अप्रमाणित बीउबिजन, नश्लहरु, कृषि सम्बन्धी सामग्रीको गैरकानूनी ओसार-पसार, नेपाली किसानको उत्पादन सस्तो मूल्यमा खरिद गर्ने भारतीय व्यापारी आदिले पनि जटिलता थपेको छ । त्यसो त नेपाली साना किसानहरूलाई समयमै मल, बीउ ल्याउन खुला सिमानाले केही सहयोग पनि गरेको छ ।

**(ङ) खेतीयोग्य जमिन डुबानमा**: तराईको समथर भूभागमा यो समस्या अधिक छ । भारतले आफ्नो उत्तरको (हाम्रो दक्षिण) सीमातर्फ बाटो निर्माण गर्न ६-७ फिट अग्लो डाइक (माटोको ढिस्कोहरु) बनाएको कारण नेपालबाट भारततर्फ जाने पानीको प्राकृतिक बहावमा अवरोध आई नेपालका हजारौं बिघा जमिन डुबान र खेतीबाली नोक्सान भएको छ ।

### कसरी गर्न सकिन्छ यसमा सुधार ?

नेपालको कृषि क्षेत्रले सामना गरेको संकट र सृजना गरेको चुनौतीको सम्बोधन अहिले कृषिमा कायम रहेको दृष्टिकोण, संरचना नीतिहरुले मात्रै सम्भव छैन । यसको लागि कृषिमा बृहत्तर दृष्टिकोण सहितको आमूल रुपान्तरणको आवश्यकता छ ।

यो रुपान्तरणकारी अवधारणा व्यवहारमा उतार्न केही पूर्व शर्तहरु छन् । यो अवधारणा कार्यान्वयनको लागि राष्ट्रिय सहमति र संविधान संशोधन आवश्यक पर्छ । यो रूपान्तरणको लागि केही सवालहरू तल प्रस्तुत गरिएको छ, जसको उद्देश्य स्वस्थ बहसको थालनी गर्नु हो ।

**(क) संरचनागत सुधार**: अहिलेको कृषि क्षेत्रको समस्याहरु मध्ये वर्तमान मन्त्रालयहरूको संरचना प्रमुख मध्येको एक हो । अब राजनीतिक दलहरुको सहमतिबाट, (क) कृषि तथा पशुपन्छी विकास, (ख) भूमि व्यवस्था, सहकारी तथ गरीबी निवारण, (ग) ऊर्जा, जलस्रोत तथा सिंचाइ, घ) वन तथा वातावरण मन्त्रालयहरू एकीकृत गर्ने ।

यसरी 'कृषि तथा प्राकृतिक स्रोत मन्त्रालय' बनाई अहिलेका मन्त्रालयहरुको काम पुनःपरिभाषित गरी (जस्तै सीमा सम्बन्धी काम गृह मन्त्रालयलाई दिने) एक-एक विभागले हेर्ने, नीति, रणनीति, कानून, समन्वय, स्रोत व्यवस्थापन र क्षमता विकासमा मात्र मन्त्रालय संलग्न हुने र सेवा प्रवाह र उत्पादन सम्बन्धी सम्पूर्ण काम स्थानीय सरकारलाई जिम्मा दिनु आवश्यक छ । साथै हाल संघमा रहेका यी ४ मन्त्रालयका हजारौं कर्मचारी स्थानीय सरकारमा पठाउनुपर्दछ ।

कृषि, शिक्षा र अनुसन्धानमा देखिएको अक्षमताको अन्योल अन्त्य गर्नको लागि एक स्वतन्त्र उच्चस्तरीय कृषि समन्वय परिषद् गठन गरी यसले कृषि तथा प्राकृतिक स्रोत मन्त्रालयसँगको समन्वयमा नेपालको कृषि उच्च शिक्षा, कृषि अनुसन्धान, कृषि प्रचार, कृषि बजार, कृषिमा लगानी सम्बन्धी नीति, राष्ट्रिय कृषि जनशक्ति आवश्यकता प्रक्षेपण नीति कार्यान्वयन अनुगमन गर्ने लगायतको काम गर्नेछ ।

यो परिषद्को अध्यक्षमा कृषि प्राकृतिक स्रोतमा विशिष्टता हासिल गरेका व्यक्ति वा कृषिप्रति प्रतिबद्ध वरिष्ठ राजनीतिज्ञ र सदस्यहरूमा कृषि मन्त्रालयको सचिव, कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति, कृषि अनुसन्धान परिषद्को कार्यकारी प्रमुख, कृषि विकास बैंकको कार्यकारी प्रमुख र निजी क्षेत्र र किसानको प्रतिनिधित्व गर्ने संघ-संगठनको प्रतिनिधित्व रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

कृषि विश्वविद्यालय र कृषि अनुसन्धान परिषद् (नार्क) लाई राष्ट्रिय कृषि समन्वय परिषद् अन्तर्गत ल्याई स्वायत्त तर सहकार्य गर्ने शिक्षा र अनुसन्धान संस्थाको रूपमा सञ्चालन गर्ने र नार्कको वैज्ञानिकले निश्चित समय अनिवार्य कृषि विश्वविद्यालयमा पढाउने र कृषि विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीले अनिवार्य रुपमा देशभर छरिएका नार्कका ६३ वटा अनुसन्धान केन्द्रहरुमा गई अनुसन्धान गर्नुपर्ने व्यवस्था गर्नु जरुरी छ ।

राष्ट्रको कोषबाट नेपालमा कृषि शिक्षा दिने सम्पूर्ण संस्थाहरूलाई कृषि विश्वविद्यालय अन्तर्गत ल्याई प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा यी संस्थाहरुका सेवा केन्द्रहरूले एकीकृत रूपमा कृषि प्रसारको आवश्यकता अनुरूप काम गर्ने ।

कृषि विकास बैंकलाई अर्थ मन्त्रालयबाट कृषि तथा प्राकृतिक स्रोत मन्त्रालय मातहत ल्याई यसको कार्यादेश र कार्यक्षेत्र पुनः परिभाषित गरी कृषि क्षेत्रको लगानी, अनुदान, बीमा, क्षतिपूर्ति लगायत सम्पूर्ण कारोबारको एकद्वार प्रणाली बनाई जिम्मा दिने । यसो गर्दा हाल देखिएका धेरै समस्या समाधान हुनेछन् ।

(ख) नीतिगत सुधारः हाल कायम रहेका कृषि क्षेत्रका प्रत्यक्ष र अप्रत्यक्ष कृषिसँग जोडिएका दर्जनौं नीति र कानूनहरुको सूक्ष्म समीक्षा गरी बाझिएका प्रावधानहरु हटाई, प्रस्तावित कृषि तथा प्राकृतिक स्रोत मन्त्रालय र संविधान वा संघीयताको मर्म अनुरुप सही विधि र प्रक्रिया, सही विषयवस्तु र सही संरचना (नीति अनुसन्धान प्रतिष्ठानले तयार गरेको) सहितको र जनताले छानेको प्रतिनिधिहरू (मन्त्री तथा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको) को अगुवाई र सक्रियतामा एकीकृत राष्ट्रिय कृषि नीति तर्जुमा गर्नु आवश्यक छ ।

यसको कार्यान्वयनको लागि आवश्यक पर्ने कानून, जनशक्ति, संरचना, स्रोत र अनुगमन पाँच वर्षपछि समीक्षा गरी परिमार्जनको व्यवस्था प्रस्ट समावेश भएको हुनुपर्नेछ । यो नीति सम्बन्धित सबै सरोकारवालाहरुसँग व्यापक बहस, छलफल गराई उनीहरुको स्वामित्व र अपनत्व

...बाँकी पृष्ठ ३ मा

# बागमती प्रदेशका मन्त्री सम्मानित



*मुख्यमन्त्री बहादुर सिंह लामालाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीलाई सम्मान गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघले बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामासहित मन्त्रीहरुलाई आज बिहान सम्मान गरेको हो ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको सभाध्यक्षतामा भएको कार्यक्रममा मुख्यमन्त्री बहादुर सिंह लामासहित वन तथा वातावरण मन्त्री कृष्ण प्रसाद सिलवाल, खानेपानी, उर्जा तथा सिचाई मन्त्री श्याम बहादुर खड्का, स्वास्थ्य मन्त्री किरण थापा मगर, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेलाई सम्मान गरेको हो ।

यसैगरी, श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री सुकमाया तामाङ र विनाविभागीय मन्त्री मदु कुमार श्रेष्ठलाई सम्मान गरिएको छ । सम्मानपछि मुख्यमन्त्री लामाले उद्योगलाई अघि बढाउन सरकारले पनि सहयोग गर्ने बताउनुभयो । प्रदेशका हरेक मन्त्रालयले विभिन्न पक्षमा सुधार गर्नुपर्ने अवस्था रहेको उहाँको भनाई छ ।

# संकटोन्मुख कृषि...

सुनिश्चित गर्न आवश्यक छ ।

यो नीतिले कृषि क्षेत्रभित्र रहेका शक्ति केन्द्रित, बेथितियुक्त उत्पादन सम्बन्धको अन्त्य, कृषि शिक्षा-कृषि अनुसन्धान-कृषि प्रचारको एकीकृत प्रावधान, कृषि बजार अनुगमन र सुधार, कृषि क्षेत्रमा उन्नत प्रविधिको प्रयोग, कृषि क्षेत्रमा पारदर्शी लगानी तथा अनुदानको व्यवस्था गर्नुपर्दछ ।

यसैगरी किसानको उत्पादनको मूल्य सुनिश्चितता, कृषि क्षेत्रमा देखिएको भू-रणनीतिक र भूराजनीतिक चाखको प्रभाव न्यूनीकरण वा अन्त्य, कृषि क्षेत्रको क्षमता विकास, कृषि निजी क्षेत्रको आकर्षणको निश्चितता लगायत अहिले देखिएका समस्याहरुको सम्बोधन हुने गरी तर्जुमा गर्नुपर्दछ ।

यसैगरी दिनदिनै चोरिँदै गरेका प्राणी तथा वनस्पतिका प्रजातिहरू र यीसँग जोडिएका बौद्धिक सम्पत्तिहरू विदेशीले आफ्नो नाममा दर्ता गर्ने अभ्यास व्यापक रहेकोले यसको अन्त्य र आफ्नो बीउबिजन, जैविक विविधता र रैथाने प्रजातिको संरक्षणको सुनिश्चितता, किसानका अधिकार र खाद्यान्न सम्प्रभुताको प्रत्याभूति, कृषि व्यापार घाटाको अन्त्य, कृषि उपज निकासी र देशको खाद्य आत्मनिर्भर हुने सुनिश्चितता यो कृषि नीतिले गर्नुपर्दछ ।

नेपालको पानी र कृषि (खाद्य सुरक्षा) लाई नेपालले आफ्नो राष्ट्रिय सुरक्षाको रणनीतिक क्षेत्रको रूपमा समावेश गरी यी दुई क्षेत्रको संरक्षण गर्नु आवश्यक छ । अब कृषिको भविष्यमा जलवायु परिवर्तनको भूमिका महत्वपूर्ण देखिएकाले जलवायु परिवर्तन मैत्री कृषि बनाउने रणनीति लिनु आवश्यक छ ।

**(ग) भूमि मामिला सम्बोधन**: प्रकृतिले बनाएको तर शक्तिशाली व्यक्तिहरुले नियन्त्रण गरेको, नबढ्ने प्राकृतिक स्रोत भूमि नेपालको कृषि र समग्र विकासकै दृष्टिकोणबाट जटिल सवाल हो । हाम्रो संविधानले भूमिलाई निजी सम्पत्तिमा समावेश गरेकोले व्यक्तिको सम्पत्ति आफ्नो खुसी अनुसार उपयोग गर्ने प्रावधानले अत्यन्त उर्वर खेतीयोग्य जमिनहरूमा बस्ती विकास भएका छन् ।

सिद्धान्ततः भूमिको स्वामित्वको अधिकार पूर्णतः राज्यको हुने र उपयोगको अधिकार व्यक्तिको हुने र राज्यलाई आवश्यक पर्दा सबै प्रकारको भूमि उपयोग गर्न सक्ने संवैधानिक प्रावधान भएको भए कृषि क्षेत्रको रूपान्तरण सहज हुनेथियो ।

तर यो ढाँचाको संविधान संशोधन हुन ज्यादै कठिन भएकोले कानूनबाट भूउपयोग प्रभावकारी बनाउन आवश्यक छ । भूमिको वर्गीकरण कार्यान्वयन, खेतीयोग्य जमिन कृषि प्रयोजन बाहेक अन्यत्र उपयोग गर्ने वा जग्गा बाँझो राख्ने अभ्यासलाई दण्डित गर्ने, सार्वजनिक संरचना निर्माणको लागि राज्यलाई जग्गा आवश्यक पर्दा सरल प्रक्रिया र उचित मूल्यमा लिन सकिने व्यवस्था गर्ने जस्ता कार्य गर्न आवश्यक छ ।

(घ) कृषिलाई आत्मनिर्भर बनाउनेः जबसम्म देशलाई चाहिने खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिँदैन त्यतिबेलासम्म त्यो देशको राष्ट्रिय सुरक्षा जोखिममा रहने भएकोले आत्मनिर्भर बनाउन आवश्यक छ । यसको लागि प्रत्येक वडालाई त्यहाँ उत्पादन हुने स्थानीय खाद्यान्नहरुको उत्पादन र प्रवर्धन गरी आत्मनिर्भर बनाउने ।

प्रत्येक वडाले त्यहाँ उत्पादित कृषि उपज ठूलो भण्डारण केन्द्र खडा गरी किसानहरुले नै भण्डारण गर्ने र पछि आवश्यकता अनुरुप निकाली प्रयोग गर्ने व्यवस्था मिलाउने, नेपाल सरकारका विभिन्न संस्थाहरु जस्तै नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, तालिम केन्द्रहरु, सरकारी कार्यालयका क्यान्टिनहरु, सरकारी विद्यालयका खाजा, आदिमा स्थानीय स्तरमा उत्पादित खाद्यान्न अनिवार्य प्रयोग गर्नुपर्ने नीति बनाई कार्यान्वयन गराउने ।

यस्तै किसानलाई सरकारले दिने अनुदान र सहुलियत ऋण कृषि विकास बैंक मार्फत मात्र उपलब्ध गराउने, स्थानीय वडालाई कृषिमा आत्मनिर्भर बनाउन चाहने आवश्यक जनशक्ति, प्रविधि, स्रोत सरकारले आफ्ना सम्बन्धित निकायहरु मार्फत उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक छ ।

गाउँ-शहर कृषि मार्फत जोड्ने योजनाहरु कार्यान्वयन गरी शहरलाई चाहिने खाद्यान्न गाउँहरूले उत्पादन गर्ने र शहरले खरिद गर्ने अनि शहरबाट खाद्यान्नमा गएको रकमले कृषि विस्तार गर्ने शैली अपनाउन आवश्यक छ ।

किसानले गरेको उत्पादनको बजारको चलनचल्तीको भाउको आधारमा न्यूनतम आधार मूल्य निर्धारण गरी उत्पादन-उपभोक्ता बीचको सम्बन्ध सुदृढ गर्न आवश्यक छ । साथै कृषिको उत्पादन बढाउन उत्पादकत्व बढाउनु आवश्यक भएकोले वडा तहमै कृषि सामग्रीहरु (बीउ, मल, सिंचाइ आदि) सुनिश्चित गर्ने, बिचौलियाले कृषि बजार तल-माथि पार्ने अभ्यास बन्द गर्ने, शीतभण्डार, औजार उपलब्ध गराउने र बजार अनुगमन गर्ने प्रावधानबाट खाद्य-कृषिमा आत्मनिर्भर बनाउन सकिन्छ ।

**(ङ) मल कारखाना स्थापना गर्ने**: संघीय तहमा एउटा रासायनिक मल कारखाना र प्रत्येक प्रदेशमा प्रांगारिक मल कारखाना स्थापना गरी संयक् प्रयोगबाट माटोको गुणस्तर सुधार्ने र उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ । अहिले वार्षिक रुपमा प्रत्यक्ष र परोक्ष रुपमा रासायनिक मलमा खर्च भएको रकम एकीकृत गरी ५-६ वर्षको रकमले नयाँ कारखाना खोल्न सकिने प्रक्षेपण भएको छ ।

माटोको गुणस्तर बिग्रिए कृषिलाई आत्मनिर्भर बनाउन सम्भव छैन । निश्चय नै रासायनिक मल कारखाना खोल्नु जटिल र खर्चिलो प्रक्रिया भए पनि यो नै उपयुक्त विकल्प हो । साथै प्रत्येक पालिकामा प्रांगारिक मल कारखाना स्थापना गरी यसको प्रवर्धन गरी माटोको गुणस्तर कायम गर्न सकिन्छ ।

**निचोडः आधारभूत पुनःसंरचना अपरिहार्य**

अहिलेको कृषि क्षेत्रमा देखिएको कार्यशैली, नीति, रणनीति, कर्मचारीको मानसिकता, दलीय निष्क्रियता, जनप्रतिनिधिको कृषिको रणनीतिक महत्वप्रतिको बेवास्ताले नेपालको वर्तमान कृषि क्षेत्रको बेथिति सम्बोधन गर्न सकिंदैन ।

२३ साउन २०८१ मा प्रधानमन्त्रीले कृषि तथा पशुपक्षी विकास मन्त्रालयका पदाधिकारीहरूलाई दिएको निर्देशनको कार्यान्वयन पनि अहिलेको अवस्थामा कठिन छ । त्यसैले नेपालको कृषि रुपान्तरणको लागि माथि उल्लेख गरेका प्रावधानहरु माथि व्यापक बहस गरी आवश्यक परिमार्जन सहित यो कार्यान्वयन गर्न आवश्यक छ ।

वर्तमान अवस्थामा दुई वटा बाटाहरु देखिन्छन् । पहिलो, अहिले भइरहेको कृषि क्षेत्रका अभ्यास र विकास शैलीलाई यथावत् राखी 'जे पर्छ टर्दै जान्छ' भनेर नेपालले भविष्यमा भोग्नुपर्ने चुनौतीहरु सामना गर्ने । दोस्रो, माथि प्रस्तुत गरिएको बाटो अंगीकार गरी कृषिको आमूल रुपान्तरणबाट यो क्षेत्रमा देखिएका चुनौतीको सही सम्बोधन गर्ने ।

अहिलेसम्मको निचोड के हो भने खण्डित रुपमा, आंशिक रुपमा, सानो क्षेत्रमा, एउटा बालीमा अपेक्षित उपलब्धि भयो होला, खास कुनै एउटा परियोजना वा कार्यक्रम वा एउटा नीति तुलनात्मक रुपमा सफल पनि भयो होला । तर समग्र कृषि क्षेत्रमा आशातित प्रगति हुन सकेन ।


नेपालले प्रमुख खाद्यान्नमा आत्मनिर्भर हुनसकेको भए, बढ्दो कृषि आयात बन्द भई निर्यात बढेको भए, कृषि बजार स्थिर भएको भए र किसानले आफ्नो उत्पादनको उचित मूल्य समयमै पाएको भए (उखु, दूध, गोलभेंडा, ताजा तरकारीको मूल्य समयमा नपाएको), (चिनी मिल र राज्यकै दुग्ध विकास संस्थानले समयमा किसानको मूल्य नदिएको) अवस्था अर्कै हुन्थ्यो ।

तर, अहिले रासायनिक मलको हरेक वर्षको अभाव र यसको आपूर्तिमा असफलता, किसानले पाउनुपर्ने अनुदानको दुरुपयोग आदि सूचकांकले नेपालको कृषि क्षेत्र सही रुपमा नचलेको पुष्टि गर्दछ । त्यसैले अहिले नेपालको कृषि क्षेत्रको आधारभूत पुनःसंरचना अपरिहार्य आवश्यकता हो ।

*(स्रोतः अनलाईनखबर)*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक ।**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# कक्षा-१२ को मौका परीक्षामा १२२ जना अनुपस्थित



*हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय मावि परीक्षा केन्द्रमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः कक्षा १२ को ग्रेडवृद्धि मौका परीक्षामा एक सय २२ जना विद्यार्थी अनुपस्थित भएका छन् । मंगलबार र बुधबार दुई दिन सञ्चालन भएको ग्रेडवृद्धि मौका परीक्षामा पहिलो दिन ८० जना र दोस्रो दिन ३८ जना गरी एक सय २२ जना विद्यार्थी अनुपस्थित भएका हुन् ।

मौका परीक्षामा दुई हजार पाँच सय ५३ जना विद्यार्थी सहभागी भएका छन् । पहिलो दिनको परीक्षामा एक हजार आठ सय ७१ जना विद्यार्थी सहभागी भएका थिए भने दोस्रो दिन आज छ सय ८२ जना विद्यार्थी परीक्षा सहभागी भएका राष्ट्रिय परीक्षा बोर्डको हेटौँडास्थित कार्यालयका कम्प्युटर सहायक अजित दवाडीले जानकारी दिनुभयो । बिहान ११ बजेदेखि २ बजेसम्म सञ्चालन भएको परीक्षाका लागि मकवानपुरमा ५ वटा केन्द्र निर्धारण गरिएको थियो ।

परीक्षाका लागि हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र सिद्धार्थ माध्यमिक विद्यालय, हेटौँडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र हेटौंडा क्याम्पस गरी ५ वटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो । मौका परीक्षामा एकजना विद्यार्थी दुईवटा विषयसम्म ग्रेडवृद्धि मौका परीक्षा दिने व्यवस्था गरिएको थियो । गत बैशाखमा सम्पन्न कक्षा-१२ को नियमित परीक्षामा मकवानपुरबाट नियमिततर्फ पाँच हजार छ सय नौं जना विद्यार्थी सहभागी भएका थिए । परीक्षामा सहभागी मध्ये दुई हजार नौं सय ५० जना विद्यार्थी परीक्षामा उत्तीर्ण भएका थिए भने अनुत्तीर्ण हुनेको संख्या २ हजार ६ सय ५९ रहेको थियो ।

# बारा प्रहरीद्वारा अवैध सामान बरामद

समाज संवाददाता

हेटौंडाः बारा प्रहरीले वीरगञ्जबाट झापातर्फ जाँदै गरेको ना ३ ख १६४३ नम्बरको ट्रकबाट ३६ लाख रुपैयाँ बराबर को अवैध सामान बरामद गरेको छ । मंगलबार १० बजेको समयमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा-१ स्थित पथलैया चोकमा वीरगञ्जबाट झापातर्फ जाँदै गरेका ट्रकलाई शंका लागि रोकेर चेकजाँच गर्दा बिलबिजकभन्दा बढी स्रोत नखुलेको ३६ लाख १२ हजार ४ सय ६८ रुपैयाँको सामान बरामद गरेको हो ।

ट्रकबाट कपडा, पेन्ट, मोटर पार्टस्, चकलेट र अन्य खुद्रा सामानहरु नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि आन्तरिक राजश्व कार्यालय पथलैया पठाइएको जनाइएको छ ।

# मानिस मृत फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-६, सरमपुरमा एकजना मानिस मृत फेला परेका छन् । बुधबार बिहान ८ बजेर ३० मिनेटको समयमा १७ वर्षीय शीर बहादुर रुम्बा मृत भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बेशीमा रहेको घरबाट डाँडामा रहेको अर्को घरमा जाने क्रममा खेतको आलिको बाटोमा लडेर मृत्यु भएको जस्तो देखिएको जनाउँदै प्रहरीले घटनास्थल सुरक्षित राखी थप अनुसन्धान गरिरहेको जनाएको छ । रुम्बाको शव हेटौँडा अस्पतालमा पोष्टमार्टमपछि आफन्तले बुझेर लगेको प्रहरीले जानकारी दिएको छ ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
TU Affiliate



BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौँडा- सिटि कलेज (जेनिथ मावि)
हेटौँडा-५, पिप्ले

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...
असोज २ गतेबाट सेवा शुभारम्भ
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा







२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो ईभी सेवा
हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३
सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)
मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

## मकवानपुर जिल्ला लिग

# एफसी पोताला समूह 'क'को शीर्ष स्थानमा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी जिल्ला लिग फुटबल प्रतियोगितामा समूह 'क'को ४ खेलमा ३ जीत निकाल्दै ९ अंकसहित एफसी पोताला तालिकाको शीर्ष स्थानमा रहेको छ। समूह 'क'बाट ३ जीत दर्ता गर्दा पोतालाले एक खेल बराबरीमा खेलेको छ।

बुधबार हेटौंडा-११ स्थित सिमलटार मैदानमा भएको खेलमा हेटौंडा भेट्रान्सलाई १०-१ गोल अन्तरले हराउँदै एफसी पोतालाले चौथो खेलमा जीत निकालेको हो। यस्तै, युनाइटेड नाइनलाई ४-० गोलले हराउँदै प्रगतिशील युवा क्लब विजयी भएको छ। पोतालाको जीतमा ऋषि मोक्तानले ५ गोल गरेका छन्। दावा लामाले ३ गोल गरेका छन् भने प्रितम स्याङ्बो र पाल्देन लामाले समान एक-एक गोल गरेका छन्। म्यान अफ द म्याच मोक्तान घोषित भएका छन्।

यस्तै, हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको पहिलो खेलमा चाइना क्वार्टरलाई ३-२ गोलले हराउँदै सहिद स्मृति विजयी भएको छ। गौरीटारमै भएको दोस्रो खेलमा पशुपति युवा क्लबलाई ४-० गोल अन्तरले हराउँदै प्रतिभा युवा क्लब विजयी भएको छ। सहित स्मृतिबाट पवन दर्लामीले २ गोल गरेका हुन् भने सुइसा थिङले एक गोल गरे। प्रतिभाको जीतमा सुनिल थिङ र सोहन वाइबाले समान २-२ गोल गरेका छन्।

लिगको फाइनल खेल असोज ९ गते हुनेछ। लिगको उपाधि विजेता र उपविजेता टिमले एक लाख र ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको प्रत्येक खेलको म्यान अफ द म्याचका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। गएको संस्करणको प्रतियोगिताको उपाधि न्यू डाँफे क्लबले जितेको थियो भने उपविजेता हटिया स्पोर्ट्स एकेडेमी बनेको थियो। असोज ६ गतेबाट प्रतियोगिताको क्वार्टरफाइनल चरणका खेलहरु सुरु हुनेछ।

# श्रमिक माविको अक्षयकोषमा पूर्वविद्यार्थीको सहयोग



सहयोग रकमको चेक हस्तान्तरण गरिँदै।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, करास्थित श्रमिक माविका पूर्वविद्यार्थीले विद्यालयमा स्थापना गरिएको अक्षयकोषमा सहयोग गरेका छन्। बुधबार विद्यालयमै पुगेर २०४६, २०४७, २०४८ सालमा एसएलसी समूहका विद्यार्थीले ५१ हजार एक सय ११ रुपैयाँ सहयोग गरेका हुन्। पूर्वविद्यार्थीका संयोजक मनकुमारी लामा नेतृत्वको विद्यार्थीको समूहले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की र प्रधानाध्यापक श्रीराम दाहाललाई सहयोग रकमको चेक हस्तान्तरण गरे।

श्रमिक माविले स्थापना गरेको अक्षयकोषमा दुई लाख ५० हजार रुपैयाँ पुगेको छ। विद्यालयले कोषमा पाँच लाख रुपैयाँ जम्मा गरेपछि वडाले पनि ५ लाख रुपैयाँ थप्ने प्रतिबद्धता जनाएको छ। सहयोग हस्तान्तरण कार्यक्रममा पूर्वविद्यार्थी दीपक सुवेदीले विद्यालयको भौतिक र शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार आएको र आगामी दिनमा पनि सहयोग जारी राख्ने बताउनुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीले आफू पनि पूर्वविद्यार्थी नै भएको र पूर्वविद्यार्थीको तर्फबाट प्राप्त सहयोग महत्वपूर्ण भएको बताउनुभयो। विभिन्न समयका विद्यार्थीले आआफ्नो तर्फबाट विद्यालयलाई सहयोग गर्दै आएको जानकारी गराउनुहुँदै पूर्वविद्यार्थीहरुको एकीकृत समूह निर्माणका लागि विद्यालयले पहल गरेको उहाँले जानकारी दिनुभएको छ।

पूर्वविद्यार्थी हाले स्वेच्छिक अवकास लिनुभएकी शिक्षक शान्ता घलान र कार्यालय सहयोगी काजीमान मोक्तान र कार्यरत कार्यालय सहयोगी अर्जुन रिजाललाई सम्मान गरेका छन्। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष अजीब भट्टराई, श्रमिक पूर्वविद्यार्थी समूहका अध्यक्ष सुरेश श्रेष्ठको पनि उपस्थिति रहेको थियो। १० कक्षासम्म पठनपाठन हुने श्रमिक माविमा ६ सय विद्यार्थी अध्ययनरत छन्।

## राष्ट्रिय भेट्रान्स फुटबल

# फिडम फाइटरको जीतमा देवानले गरे ४ गोल

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडाको आयोजना तथा पिप्ले युवा क्लबको सहआयोजनामा जारी रोटरी मकवानपुर पिप्ले राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको खेलमा काठमाडौं महानगरपालिकाको फिडम फाइटर भेट्रान्सको जीतमा निलेन्द्र देवानले ४ गोल गरेका छन्। बुधबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा वीरगञ्ज उपमहानगरपालिकाको युनिटी भेट्रान्सलाई ५-१ गोल अन्तरले हराउँदै फिडम भेट्रान्सले जीत निकाल्दा देवानले एक्लै ४ गोल प्रहार गरेका हुन्।

देवानले पहिलो हाफको २९ औं मिनेटमा र ३३ मिनेटमा समान २ गोल गरेका थिए भने दोस्रो हाफमा थप एक गोल गर्दै ह्याट्रिक गर्न सफल भएका थिए। खेलको अन्तिम समय ६० औं मिनेटमा फेरि गोल गर्दै उनले आफ्ना नाममा ४ गोल बनाउन सफल भएका हुन्। फिडमका तर्फबाट विकरण श्रेष्ठले एक गोल गर्दै ५-१ गोलको फराकिलो अन्तरमा पुऱ्याएका हुन्। युनिटीबाट दोस्रो हाफमा कोमलकुमार खवासले मात्र एक गोल गरेको कारण हार व्यहोर्नु परेको हो। खेलको म्यान अफ द म्याच ४ गोलकर्ता देवान घोषित भएका छन्।

बुधबार नै भएको दोस्रो खेलमा अभिषेक चर्चलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले हराउँदै सिमरा भेट्रान्स विजयी भएको छ। खेलको निर्धारित समय एक-एक गोलको बराबरीमा रोकिएको थियो। उक्त खेलको नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो। दुवै पक्षबाट ५-५ खेलाडीले बल प्रहार गर्दा सीमराको ४ जना खेलाडीको प्रहार गोलमा परिणत हुँदा अभिषेक चर्चको ३ जना खेलाडीको प्रहारमात्र गोलमा परिणत भएको थियो। खेलको म्यान अफ द म्याच कडेला राउत घोषित भएका छन्।

हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सञ्चालन भइरहेको प्रतियोगितामा १५ टिमको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल भदौ ३१ गते हुनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ।

# बागमती प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवमा दीपक लामा नियुक्त

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषदको सदस्य-सचिवमा दीपक लामा नियुक्त हुनुभएको छ। बुधबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले दीपक लामालाई सदस्य-सचिवमा नियुक्त गरेको हो। सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीको सिफारिसमा मन्त्रिपरिषद्को बैठकले दीपकलाई सदस्य-सचिव लामालाई नियुक्त गरेको हो। सरकारको प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेका अनुसार दीपकको नियुक्तिमा युवा तथा खेलकुद मन्त्रालयको समेत सहमति रहेको छ।



प्रदेश खेलकुद विकास परिषद्का नवनियुक्त सदस्य सचिव दीपक लामा।

कानुनीरुपमा सामाजिक विकास मन्त्रीको सिफारिसमा सदस्य-सचिव नियुक्त गर्ने व्यवस्था रहेपनि प्रदेशमा युवा तथा खेलकुद मन्त्रालय पनि कायम रहेकाले सो मन्त्रालयको जिम्मेवारीमा रहेका मीनकृष्ण महर्जनको सहमति लिएर दीपकलाई नियुक्त गरिएको उहाँले बताउनुभयो। नुवाकोटका स्थानीय दीपक उसु खेलाडी हुनुहुन्छ।

महर्जनको हस्ताक्षर बिना उहाँको नियुक्तिले वैधानिताको प्रश्न उठाएको थियो। प्रदेशमा युवा तथा खेलकुद मन्त्रालय खडा गरिएपनि कानुनले न मन्त्री चिन्छ न मन्त्रालय नै। परिषद्को अध्यक्ष विभागीय मन्त्री रहनु पर्ने हो तर, कानुन संशोधन नहुँदा सामाजिक विकास मन्त्री परिषद्को अध्यक्षको जिम्मेवारीमा रहने व्यवस्था छ। खेलकुद मन्त्रालयको कार्यविभाजन भएपनि कानुनी व्यवस्था नहुँदा खेलकुद मन्त्री भएपनि जिम्मेवारी सामाजिक विकास मन्त्रीमा नै रहेको हो।

खेलकुद मन्त्रालय रहेपनि कानुनी अधिकार तत्कालिन समयमा सामाजिक विकास मन्त्रालयमा रहेकाले सदस्य सचिव नियुक्तिमा कानुनी समस्या रहेको छ। परिषद्को अध्यक्षको सिफारिसमा प्रदेश सरकारले सदस्य-सचिव नियुक्त गर्ने कानुनी व्यवस्था रहेको छ। कानुनी व्यवस्था अनुसार परिषद्को अध्यक्ष विभागीय मन्त्रालयको मन्त्री हुने व्यवस्था छ।

प्रदेश खेलकुद विकास ऐन २०७५ को दफा ३ को उपदफा २ (क) अनुसार परिषद्को अध्यक्ष सामाजिक विकास मन्त्री हुने भनिएको छ। प्रदेशमा सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद मन्त्रालयको विभाग अलग गरी छुट्टै मन्त्रालय निर्माण भइसकेको छ। जसका कारण व्यवहारिक र विभागीय जिम्मेवारी खेलकुद मन्त्री मातहत रहनुपर्ने हो। तर, कानुनी व्यवस्थाका कारण परिषद्को अध्यक्ष खेलकुद मन्त्री हुन सक्ने अवस्था छैन।

मन्त्रिपरिषद् बैठकले प्रदेश खेलकुद विकास परिषद्को संशोधन प्रस्ताव समेत स्वीकृत गरेको छ। प्रदेशमा युवा तथा खेलकुद मन्त्रालय रहेपनि कानुनी रुपमा सामाजिक विकास मन्त्रालय लेखिएका र केही प्रावधानहरु संशोधन गर्नुपर्ने भएकाले मन्त्रिपरिषद् बैठकले उक्त प्रस्तावलाई स्वीकृति प्रदान गरेको हो।

युवा तथा खेलकुद मन्त्री महर्जनको पहलमा उक्त संशोधन प्रस्ताव संसदमा पेश गर्न मन्त्रिपरिषद्ले स्वीकृति दिएको हो। मन्त्री महर्जनका अनुसार विभागीय जिम्मेवारी लिएदेखि नै ऐन संशोधन गरेर अधिकार मन्त्रालय अन्तर्गत ल्याउन भूमिका खेल्नुभएको थियो। लामो समय आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रोकिएको उक्त प्रस्ताव अघि बढ्न सकेको थिएन। मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सो प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ताका लागि पठाइने मन्त्री महर्जनले बताउनुभयो। आगामी प्रदेशसभा बैठकमा सो प्रस्ताव प्रदेश सभामा पेशगरी छलफलसहित पारित गरिने उहाँको भनाई छ।

बैठकले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र श्रम रोजगार तथा यातायात मन्त्रालयको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ। बैठकले प्रदेशको भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गतको इकाई कार्यालयहरुमा विनियोजित बजेटको अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ।

# हेटौंडा-४ लाई बालमैत्री वडा घोषणा गरिँदै



बालमैत्री वडा घोषणासम्बन्धी जानकारी गराउनुहुँदै वडासदस्य गीता त्रिपाठी।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ। आउँदो शुक्रबार हेटौंडा-४ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको हो।

बुधबार पत्रकार सम्मेलन गर्दै वडाले बालमैत्री घोषणा कार्यक्रमका लागि तयारी पूरा गरेको जानकारी गराएको छ। "बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी" भन्ने मूल नाराका साथ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ लाई निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको हो।

वडालाई नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरुमा अभ्यास गरी ५१ वटा सूचकहरुमध्ये ४९ वटा सूचकहरु शतप्रतिशत, २ वटा सूचकमा ९५ प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अवस्थामा आइपुगेको वडा सदस्य एवम् बालमैत्री वडा घोषणा समारोह समितिकी सह-संयोजक गीता त्रिपाठीले जानकारी दिनुभयो। वडाभित्र १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ४ हजार २ सय ७० रहेको, जसमा २ हजार २ सय ५१ जना बालक रहेका छन् भने २ हजार १९ जना बालिका छन्।

यसैगरी वडाको समुदायस्तरमा ११ वटा र विद्यालयस्तरमा ९ वटा बालसमूह सञ्जाल गरी २० वटा बाल समूह सञ्जाल रहेको छ जसमा ४ सय ७५ जना बालबालिकाहरु आवद्ध छन्। वडाले शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणासँगै तेस्रो बृहत् शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रमको समेत आयोजना गरेको छ। शैक्षिक प्रदर्शनी कार्यक्रममा १८ वटा समूहको सहभागिता हुने त्रिपाठीले बताउनुभयो।

वडाले शुक्रबार बिहान ७ बजे हुप्चौरदेखि कार्यक्रमस्थल रोयल पार्टी प्यालेससम्म बाजागाजासहितको ऱ्याली निकाल्ने छ। उत्कृष्ट ऱ्याली प्रदर्शन गर्ने ३ वटा टोलीलाई पुरस्कार समेत प्रदान गरिने त्रिपाठीले बताउनुभयो। वडालाई बालमैत्री स्थानीय शासन, निकृष्ट बालश्रम, बालविवाहमुक्त बनाउने अभियानमा सहयोग गर्ने व्यक्ति तथा संघ, संस्थाहरुलाई पुरस्कृत गरिने त्रिपाठीले बताउनुभयो।

घोषणा कार्यक्रममा वडाभित्रका ८ वटा विद्यालयको समूहले निर्माण गरेको विज्ञान, गणित र सामाजिक विषयसँग सम्बन्धित सामग्रीको स्टल राखी प्रस्तुत गरिनेछ। उक्त कार्यक्रममा वडा भित्रका सबै विद्यालयको बालबालिका मार्फत खाना महोत्सव समेत राखिने भएको छ। प्रत्येक विधामा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीको समूह र उक्त विधासँग सम्बन्धित विषय शिक्षकलाई पुरस्कृत समेत गरिने उहाँको भनाई छ। वडाले घोषणा कार्यक्रममा करिब ८ लाख खर्च हुने अनुमान गरिएको छ। यसअघि हेटौंडा उपमहानगरपालिकाको २, ७, ८, १०, १७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेका छन्।

# शान्ति मृत फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका-४, दुधमिलमा एक जना महिला मृत फेला परेकी छन्। मृत फेला पर्नेमा बनेपा नगरपालिका-११ सल्ले घर भई हाल काभ्रे जिल्लाको पनौती नगरपालिका-४ डेरा गरी बस्ने ४० वर्षीया शान्ति तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। तामाङ मंगलबार दुधमिल पछाडि खेतको आली छेउमा मृत फेला परेकी थिईन्। तामाङ छारे रोगकी बिरामी र मानसिक सन्तुलन ठिक नभएको बुझिएको प्रहरीले जानकारी दिएको छ।

# संविधान दिवसमा निबन्ध लेखन प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः संविधान दिवसको अवसरमा निबन्ध लेखन प्रतियोगिता हुने भएको छ। बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमातहतको शिक्षा विकास निर्देशनालयले बुधबार एक सुचना जारी गर्दै असोज ३ गते संविधान दिवसको अवसरमा मकवानपुर जिल्ला भित्रका क्याम्पसमा अध्ययनरत विद्यार्थीका लागि निबन्ध लेखन प्रतियोगिता गर्न लागेको जनाएको छ।

मकवानपुर जिल्ला भित्र सञ्चालित क्याम्पसका स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुले "संविधान कार्यान्वयनका नौ वर्ष: उपलब्धि र चुनौति" विषयमा निबन्ध लेख्न अनुरोध गरेको छ। स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरु मध्ये प्रत्येक क्याम्पसबाट १ जना छात्र र १ जना छात्रा गरी बढीमा २ जना प्रतियोगितामा छनोट गर्न सुचनामा उल्लेख गरेको छ। प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीको नामावली भदौ ३० गतेसम्म निर्देशनालयमा इमेल मार्फत पठाउनुपर्ने छ। प्रतियोगिता असोज १ गते शिक्षा विकास निर्देशनालयको सभाहलमा हुनेछ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ